# आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०८३

गाउँसभाको १५ औं अधिवेशनमा मिति २०८३/०३/१० गतेका दिन
गाउँपालिका उपाध्यक्ष श्री राजकुमारी रेउले ज्यूले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

## त्रिवेणी गाउँपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

**यस त्रिवेणी गाउँपालिकाको गरिमामय गाउँसभाका अध्यक्ष ज्यू,**

**सदस्य ज्यूहरु,**

राष्ट्रको महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान मार्फत सिंहदरबार केन्द्रित जनताको अधिकार जनताकै घरदैलोमा पुऱ्याई आफ्नो भाग्यको फैसला आफै गर्ने अधिकार सहित यहाँसम्म पुऱ्याउन विभिन्न कालखण्डमा लगायत जनयुद्ध र जनआन्दोलनका महान शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा घाईते अपाङ्गप्रति उच्च सम्मान प्रकट गर्दै गाउँसभाको यस १५ औं अधिवेशनमा उपस्थित हुनु भएका सम्पुर्ण सदस्य ज्यूहरुमा अभिवादन गर्न चाहान्छु ।

राज्यको सीमित स्रोत साधनको समुचित उपयोगबाट निरन्तर अगाडि बढ्दै विकासका आकांक्षाहरु पूरा गर्नु र विकासको मुल प्रवाहमा आउन नसकेका वर्गलाई विकास क्रियाकलापमा संलग्न गराई सन्तुलित विकास मार्फत स्थानिय सरकार प्राप्तिको अनुभुति नागरिकलाई गराउनु नै त्रिवेणी गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । यद्यपि भौगोलिक असहजता, गरिबी, अभाव, घरेलु हिंसा, अशिक्षा जस्ता थुप्रै समस्याहरु हुँदाहुँदै पनि प्राकृतिक सौन्दर्य, विविधता र पछिल्लो समयमा देखिएको विकासक्रमले सकारात्मक सन्देश दिएको अवस्था छ ।

**सभाध्यक्ष महोदय,**

त्रिबेणी गाउँपालिका नेपालको संविधानको धारा २९५ को उपधारा ३ बमोजिम कायम भएका गाउँपालिका, नगरपालिका मध्यको एक हो । साविकका गा. वि. स. हरु रुँघा, खारा, मूरु, पेउघा र नुवाकोटको (३) नं वडाको भूभाग ओगटेर बनेको यस गाउपालिकाको कुल क्षेत्रफल ८५.४९ वर्ग कि.मी. रहेको र १० वटा वडामा पछिल्लो तथ्यांक अनुसार ४४०० घरधुरी र कूल जनसंख्या २३,५२० रहेकोमा हालको सन्दर्भमा सो संख्यामा बृद्धि भई गाउँपालिकाले सेवा प्रदान गर्नुपर्ने जनसंख्यामा बृद्धि हुँदै गएको छ । राज्यको पुर्नसंरचनाका क्रममा त्रिवेणी गाउँपालिकालाई सुविधा सम्पन्न, व्यवस्थित र सुन्दर पालिकाको रुपमा विकास गर्न र सोही अनुरुप आवश्यक संरचना निर्माण कार्य क्रमिक रुपमा भैरहेको अवस्था छ । सबै क्षेत्रबाट यसलाई विकास गर्नका लागि सबै सरोकारवालाहरुले यसमा ध्यान पुऱ्याउन जरुरी भएको हुनाले यसतर्फ सबैलाई जानकारी एवं ध्यान आर्कषण गराउन चाहान्छु ।

विकास क्रियाकलापलाई जनताका पक्षमा योजनाबद्ध रुपमा संचालन गर्ने मार्ग निर्देशनको रुपमा नेपालको संबिधान २०७२ को अनुसूचि ८ मा उल्लेखित स्थानिय तहले प्रयोग गर्ने २२ वटा बिषयगत अधिकारहरुको सूचिमा ब्यबस्था भएबमोजिम गाउँ

पालिकाको कार्य जिम्मेवारी नेपालको संविधान, नेपाल सरकार (मन्त्रिपरिषद) बाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन र प्रचलित कानुन बमोजिम कार्यान्वयनमा ल्याउन आवश्यक छ । वर्तमान परिवर्तित सन्दर्भमा जनताबाट उठाईएका र अपेक्षा गरिएका कतिपय माग र आवश्यकताहरुको यथोचित सम्बोधन हुन नसकेको अवस्था विद्यामान छ । कार्यान्वयनमा ल्याईएका योजनाहरुको समिक्षा, विश्लेषण र नयाँ मागलाई सम्बोधन गर्न पालिकाको प्रथम पञ्चवर्षीय आवधिक योजना कार्यान्वयनको चरणमा रहेको छ र विकासका लागि गाउँपालिकाको संस्थागत संरचना मन, वचन र कर्मका साथ क्रियाशिल रहेको कुरा सगर्व निवेदन गर्न चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठूलो राजनैतिक परिवर्तनपछि बिगतको सामन्ती केन्द्रिकृत राज्य संयन्त्रको संस्कार र जनताले परिवर्तनको लागि गरेका विभिन्न आन्दोलनको कारण उत्पिडित, अपहेलित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वत:स्फुर्तरुपमा जागृत भएको छ । नेपाली जनताको निरन्तर त्याग बलिदान र लामो संघर्षको परिणाम स्वरुप प्राप्त भएको नेपालको संविधान २०७२ ले दिएको अधिकार प्रयोग गरी त्रिवेणी गाउँ सरकारको तर्फबाट गाउँपालिकाका उर्जाशील जनशक्तिलाई सीपयुक्त र दक्ष बनाई कृषि, पर्यटन, उद्योग तथा उत्पादनका विविध क्षेत्रमा उपयोग गर्न सके रोजगारी, स्वरोजगारीको अवस्था सिर्जना भई आत्मनिर्भर र समृद्ध गाउँपालिकाको रुपमा चिनाउन सफल हुन सक्ने देखिन्छ ।

उपरोक्त परिवेशमा सीमित स्रोत साधनवाट धेरै आवश्यकता सम्बोधन गर्नुपर्ने यो बजेट साामाजिक रुपान्तरण, आर्थिक विकास र त्रिवेणी गाउँपालिकाको समृद्धिको आधारशिला बन्ने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०८२/०८३ को बजेट कार्यान्वयनको संक्षिप्त रुपमा समीक्षा गर्न चाहन्छु ।

**राजश्व संकलन र खर्चको अवस्था**

आर्थिक वर्ष २०८२/०८३ मा रु. दुई करोड राजश्व संकलनको लक्ष्य लिइएकोमा चालु आर्थिक वर्षको हालसम्म रु. ६५ लाख २३ हजार १ सय १० रुपैयाँ राजश्व संकलन भएको छ । व्यवसायी तथा आम नागरिकमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास

गराउन राजश्व परामर्श समिति तथा राजश्व शाखाको तदारुकताले राजश्व संकलन कार्यलाई लक्ष्य उन्मुख बनाउन सकिएको छ। तथापि राजश्व बृद्धि र राजश्वको दायरा विस्तारमा पालिका गम्भीर रहेको छ।

चालु आर्थिक वर्षको हालसम्म **चालु तर्फ ६९.१४% र पुँजीगत तर्फ २२.३२%** खर्च भएको अवस्था छ। हालै सम्पन्न भएको प्रतिनिधिसभा सदस्यको निर्वाचन, बढ्दो महंगी र अन्य विविध कारणले पुँजीगत खर्च न्यून भएपनि आर्थिक वर्षको अन्त्य सम्म लक्ष्य अनुसार बजेट खर्च हुने अनुमान गरिएको छ।

## भौतिक पूर्वाधार तर्फ

आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेटबाट भौतिक पूर्वाधारका क्षेत्रमा विभिन्न कामहरु भएका छन् । त्रिवेणी चक्रपथ अन्तर्गत भयाराथान टोट्के सडक जोड्ने काम सम्पन्न भएको छ भने बाँकी खण्डमा निर्माण कार्य संचालन भैरहेको छ । झुल्नेटा खुम्चेरी सडक खण्डको कुनाखोलीमा मोटरेवल पुल निर्माण कार्य भैरहेको छ। प्रदेश समपुरक योजना अन्तर्गत लामाखेत जिवाङ्ग सडक स्तरोन्नति कार्य सम्पन्न भएको छ।कोर्वाङ्गखोला बल्लेजुरा कालापोखरा सडक स्तरोन्नति कार्य भैरहेको भएको छ।१० शैयाको आधारभूत गाउँपालिका अस्पतालको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ । सिम्रुतुमा मसानघाट निर्माण सम्पन्न भएको छ भने पेउघा गैरीखेतमा निर्माण भैरहेको छ।१० वटै वडाभरीका सडक सरसफाई तथा मर्मत कार्य र अन्य स-साना योजनाहरु सम्पन्न भएका छन।
मुरु स्वास्थ्य चौकीको भवन निर्माण कार्य संचालन भैरहेको छ ।वडा नं मा ८ .श्री जनप्रिय मा.विको. २ कोठे भवन तथा शौचालय निर्माण कार्य सम्पन्न भएको छ भने गाउँपालिका भित्रका १३ वटा विद्यालयमा शौचालय तथा घेराबार निर्माण कार्य सम्पन्न भएको छ । त्रिवेणी ७ को बालबोध आधारभुत विद्यालय भुर्तिवाङ र त्रिवेणी ३ को सरस्वती आवि हर्लेखाराको २ कोठे भवन निर्माण कार्य पनि सम्पन्न गरिएको छ । खुरखुरे बाँठाकोट पतेरी ढुङ्गेघर सडक स्तरोन्नतिको काम भैरहेको छ भने खुरखुरे बाँठाकोट झ्यामखोला सडक निर्माण योजनाको काम अन्तिम चरणमा रहेको छ । छोटेकाँडा मोड देखि गुरगुरे सम्म सडक निर्माण सम्पन्न भएको छ । साउनेपानी वडारा नालेचौर ठुलाखोला चिनाली सडक निर्माणको काम भैरहेको छ। त्रिवेणी ८ को भेरीखोला पेदि खेत सिंचाई योजना निर्माण काम भैरहेको छ ।
त्रिवेणी ३ को झुल्नेटा पाङग्रा टाकुरी ठुलिखोरिया सल्लेडाँडा सुकिदह सडक निर्माण योजना काम सम्पन्न भएको छ । स्थानिय पुर्वाधार द्वारा खण्डारा बरनेटि सडक निर्माण भैरहेको, जनज्योती आ.वि. दहभागे मा ४ कोठे भवन निर्माण, वालचेतना आ.वि. कालिमाटिमा ४ कोठे भवन, वालकल्याण आ.वि. लाछिकोटमा ४ कोठे भवन निर्माण भैरहेका छन।राष्ट्रिय रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमबाट सबै वडाहरुमा २० वटा आयोजना संचालन गरी बेरोजगार युवाहरुलाई रोजगार प्रदान गरिएको छ ।

सुस्वा आयोजना बाट हिमालय मा.वि. नुवाकोट र जनज्योती आ.वि. दहभागेमा २ कोठे शौचालय निर्माण भरहेको छ । त्यसैगरी वडा नं. ८ मा सिस्नेरी, बैलडाँरी र वडा नं. २ को मुलपानी खानेपानीको काम भैरहेको छ। वडा नं. ९ मा राउटे कोलडाँडा खानेपानी निर्माणको काम भैरहेको छ।वडा नं. १० मा सिम्तारे लिफ्ट खानेपानी को निर्माण कार्य भैरहेको छ। साथै अन्य वडाहरुमा साना खानेपानी मुहान संरक्षण तथा मर्मत कार्य सम्पन्न गरिएको छ ।मितेरी संग्राहलयको भवन निर्माण सम्पन्न भएको छ भने जनयुद्ध संग्राहलयको काम भैरहेको छ ।

## शिक्षा, युवा तथा खेलकुद तर्फः

शैक्षिक गुणस्तर सुधारको लागी गाउँपालिका भित्रका ३५ वटा विद्यालयहरुमा विद्युतीय ईहाजिरी-प्रणाली लागु गरिएको छ।पालिकाबाट अनुदान शिक्षकको व्यवस्था गरी पठनपाठन कार्यलाई नियमित र प्रभावकारी बनाइएको छ।खेलकुद क्षेत्रको विकास गर्न विद्यार्थीहरुको लागि मार्शल आर्टका खेल प्रशिक्षक नियुक्त गरि नियमित प्रशिक्षण संचालन गरिएको (कराते र तेक्वाण्डो) छ।पालिका स्तरमा राष्ट्रपति रनिङ्ग शिल्ड सम्पन्न गरिएको छ।जिल्ला स्तरिय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा त्रिवेणी गाउँपालिकाले तेस्रो स्थान हासिल गरेको छ।केहि खेलाडीहरु प्रदेश र राष्ट्रिय खेलको लागी छनोट हुन सफल भएका छन्। एसईई परिक्षामा त्रिवेणी गाउँपालिकाले प्रतिशत ७५प्रतिशत ३. विद्यार्थी उत्तिर्ण गरेको छ।यो नतिजा विगतका वर्षहरु भन्दा तुलनात्मक रुपले सुधार भएको छ।स्थानीय पाठ्यक्रम परिमार्जन गरि कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय विषयको पाठ्यपुस्तकको मस्यौदा लेखन कार्य सम्पन्न भएको छ।शिक्षा तथा युवा खेलकुद कार्यालय मार्फत हुने नियमित कार्यहरु कार्यतालिका अनुसार भएका छन्। समयमै पाठ्यपुस्तक वितरण, कक्षा ८ को पालिका स्तरिय परिक्षा व्यवस्थापन, दिवाखाजा, शिक्षक क्षमता विकास तालिम र सुचना प्रविधि ।CT तालिम सम्पन्न भएको छ।

## स्वास्थ्य तथा पोषण तर्फः

नागरिकलाई सहज र गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले एक वडा एक स्वास्थ्य संस्था अवधारणलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिएको छ।गाउँपालिका अस्पतालमा एम एस चिकित्सक.वि.वि.द्वारा नियमित सेवाभिडियो एक्सरे ,ल्याप सेवा ,आँखा उपचार सेवा , ,सेवासाधारण एक्सरे सेवाफार्मेसी सेवा संचालनमा रहेका छन्। ,आयुर्वेद सेवा ,
खोप सेवागाउँघर क्लिनिक र महिला स्वास्थ्य स्व ,मातृ तथा शिशु स्वास्थ्य सेवा ,ंम सेविका आमासमुह मार्फत समुदाय स्तरमा स्वास्थ्य सेवा विस्तार गरिएको छ।गर्भवती महिलालाई घर देखि स्वास्थ्य संस्थासम्म पुग्न निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइएको छ।विदेशमा मृत्यु



त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

भएका नागरिकलाई निशुल्क एम्बुलेन्स र पालिका भित्र पनि दुर्घटनामा परि मृत्यु भएका नागरिकलाई निशुल्क शव ढुवानी सेवा प्रदान गरिएको छ। दिर्घरोगीलाई मासिक ५ हजार भत्ता र औषधी उपचारमा शुल्क छुट गर्न सिफारिस गरिएको छ। लागुऔषध तथा दुर्व्यशन नियन्त्रण सम्बन्धी सचेतना मुलक र नियन्त्रण मुलक कार्यक्रम लागु गरिने छ। नागरिक आरोग्य सेवा केन्द्र मार्फत आयुर्वेदिक उपचार सेवा, जडिबुटी परिचयात्मक संकलन, भण्डारण तथा बजारीकरण अभिमुखीकरण कार्यक्रम र योग शिविर संचालन गरिएको छ ।

## रोजगार तथा उद्यम विकास तर्फः

रोजगार शाखा मार्फत बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन र सूचिकरण गर्ने काम भएको छ। वेरोजगार सूचीमा जम्मा १८०१ जना सूचिकृतजना लाई २ जना र १५ श्रम स्विकृति , छात्रवृती उपलब्ध गराइएको छ। बैदेशिक रोजगारबाटफर्केर आएका व्यक्तिहरुलाई कानूनी परामर्श र पुनः एकिकरण सेवा प्रदान गरिएको छ। राष्ट्रिय रोजगार कार्यक्रम मार्फत प्रत्येक वडामा एक वटा आयोजना सम्पन्न गरी ५० जना बेरोजगारीलाई रोजगारी प्रदान गरिएको छ। मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत १५ १५ लाखका एक वडा एक आयोजना कार्यक्रम सम्पन्न गरिएको छ। यस कार्यक्रमबाट जम्मा २५० बेरोगार व्यक्तिहरुलाई सेवा प्रदान गरिएको छ। उद्यमीहरुलाई सीप विकास तालिम अन्तर्गत वडा नंमा महिला उद्यमीलाई टपरी १० . निर्माण सम्बन्धी तालिम प्रदान गरिएको छ।

## महिला तथा बालबालिका तर्फः

अपाङ्ग परिचय पत्र वितरण क वर्गको ३१७ ख वर्गको ,, ग वर्गको ६ र घ वर्गको ५ जना गरी जम्मा ३१ जनालाई प्रदान गरिएको छ। ११० जनाको छोरी खाता संचालन गरिएको छ। महिला तथा बालबालिका लक्षित कार्यक्रम अन्तर्गत प्रत्येक वडामा तिज विशेष कार्यक्रम सम्पन्न गरिएको छ। सामाजिक सचेतना तथा सशक्तिकरण कार्यक्रम संचालन भएको छ। माध्यमिक विद्यालयमा बालविवाह लागू औषध दूर्व्यसनी र बाल श्रम न्युनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ। लक्षित वर्गको क्षमता विकास कार्यक्रम संचालन भएको छ।

## कृषि तथा पशुसेवा तर्फः

कृषकलाई फलफूल खेति र तरकारी खेति सम्बन्धि स्थलगत तालिम, तरकारीको विऊ वितरण लगायतका कार्यक्रम गरिएको छ। कृषकहरुलाई परामर्श सेवा दिनुका साथै मध्यपहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ। पशु स्वास्थ्य परिक्षण, औषधि उपचार, नियमित कृतिम गर्भाधानका साथै गाईभैसी प्रवर्द्धन कार्यक्रम र बाखा पकेट कार्यक्रम सम्पन्न गरिएको

छ। पशुपालन क्षेत्रको विकास गर्नको लागि पोषिला जातका घाँसको विउँ र वेर्ना वितरण गरिएको छ। भेडा बाख्रालाई आन्तरिक तथा बाह्रय परिजिवी विरुद्ध औषधी खुवाउने र प्राथामिक पशु स्वास्थ्य सेवा संचालन गर्नुका साथै पशुपंक्षीको रोग सर्भिलेन्स तथा नमूना संकलन तथा परीक्षण सम्पन्न गरिएको छ।

### पञ्जीकरण तर्फः

अन्य जेष्ठ नागरिक ११०९ जना, दलित जेष्ठ नागरिक १६७ जना, एकल महिला जेष्ठ नागरिक १५१ जना, विधुवा २८६ जना, पूर्ण अपाङ्गता भएका व्यक्ति ५३ जना, अति अशक्त अपाङ्गता भएका व्यक्ति १९९ जना, क्षेत्र तोकिएका बालबालिका १७८६ जना, दलित बालबालिका ३७७ जना जम्मा सामाजिक सुरक्षा भत्ता खाने ४१२८ रहेका छन्। जन्म दर्ता ४९६ जना, मृत्यु दर्ता १३१ जना, सम्बन्ध विच्छेद दर्ता २५ जना, विवाह दर्ता २३४ जना, बसाई सराई ५८ घर परिवारका रहेको छ।

### न्यायिक समिति तर्फः

न्यायिक समितिमा आएका निवेदन दर्ता जम्मा १९ वटा मध्ये मिलापत्र ९ मिलान गर्न बाँकी , ८, वडामा सिफारिस १ र जिल्लामा सिफारिस गरिएको १ रहेका छन्। मेलमिलापकर्तालाई पुन ताजकी तालिम संचालन कार्यक्रम सम्पन्न भएको छ। न्यायिक समितिको अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भएको छ।

### विपद् व्यवस्थापनतर्फः

जाजरकोट भूकम्पबाट क्षति पुगेका सरकारी संरचना खासगरी विद्यालय भवन स्वास्थ्य संस्थाको पुननिर्माण कार्य अगाडी बढेको छ। निजि आवासको विस्तृत क्षति आकलन DDA सम्पन्न भएर पनि पुन निर्माण कार्यले गति लिन सकेको छैन । मनसुन जन्य विपदबाट प्रभावित व्यक्ति र परिवारलाई आर्थिक सहायता प्रदान गरिएको छ। विपन्न दिर्घरोगी एचआईभी पिडितलाई आर्थिक सहायता उपलब्ध गराइएको छ।

### कानूनी तथा संस्थागत सुधारः

गाउँपालिकाको कामलाई संस्थागत र कार्य सम्पादनलाई सहज तुल्याउन यस वर्ष गाउँपालिकाले केहि महत्वपूर्ण ऐन कार्यविधि निर्माण गरी कार्यन्वयनमा ल्याएको छ। जसमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन तथा वितरण कार्यविधिखानेपानी योजना मर्मत तथा संभार ,२०८३ ,

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

कोष व्यवस्थापन कार्यविधि २०८३ २०८३ महिनावारी तथा स्वच्छता व्यवस्थापन कार्यविधि , लगायत आवश्यक कानूनी संरचनाहरु निर्माण गरिएको छ।

त्रिवेणी गाउँपालिकाले यो वर्ष झुल्नेटासिम्रुतु र गैरिखेतमा अर्धवार्षिक सार्वजनिक सुनुवाई , कार्यक्रम सम्पन्न गरेको छ।

**सभाध्यक्ष महोदय,**

अब म यस गाउँपालिकाको अर्थतन्त्रमा देखिएका मुख्य चूनौतिहरु यसप्रकार उल्लेख गर्न चाहन्छु ।

- यस चालु आर्थिक वर्ष २०८२।०८३ मा स्वीकृत बजेट बमोजिम संघीय सरकारबाट समानीकरण तर्फ र राजश्व बाँडफाँड तर्फको सीमा बमोजिमको बजेट प्राप्त नहुँदा संचालित आयोजना प्रभावित भएका छन् । यसकारण सीमित बजेट तथा स्रोत साधनबाट जनताका असीमित माग र आवश्यकता पूर्ति गर्नुपर्ने बाध्यात्मक अवस्था छ । बजेट सिमितताका कारण जनताका अनगिन्ती आवश्यकता र आकांक्षा अपेक्षित ढंगले परिपूर्ति गर्न सकिएको छैन ।
- उत्पादनका साधनहरुमाथि उत्पादक शक्तिको पहुँच बृद्धि गरी सार्वजनिक, निजी र सहकारी क्षेत्रको लगानी सहकार्यबाट उत्पादकत्व र उत्पादन बृद्धि गर्न चूनौति छ ।
- निर्माण कार्य संचालन गर्ने क्रममा निर्माण व्यवसायी र उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरी विकासमा गुणस्तरीयता कायम गर्न चूनौति रहेको छ ।

**सभाध्यक्ष महोदय,**

**अब म यस सम्मानित सभा समक्ष आ.व. ०८३।८४ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१) स्वास्थ्य संस्थाको सुदृढिकरण, सर्वसुलभ, विश्वसनीय, भरपर्दो र सुरक्षित आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नु ।

२) कृषि पेशालाई व्यवसायिक र आधुनिक प्रविधिमैत्री बनाई कृषकहरुको जीवनस्तरमा सुधार ल्याउनु ।

३) दुग्धजन्य उत्पादन वृद्धि र दुग्ध प्रशोधन गरी निर्यातमा सहजता ल्याई कृषकलाई आत्मनिर्भर बनाउनु ।

४) सामाजिक न्याय समावेशीकरण र समानताको प्रवर्द्धन गर्नु ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

५) नागरिकको प्रत्यक्ष जीवन प्रक्रियासंग जोडिएका पुर्वाधार संरचनाको विकास गर्नु ।
६) गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, तथा स्वच्छ खानेपानी र सरसफाईलाई प्राथमिकताका साथ परिपुर्ति गर्नु ।
७) स्थानिय तहको सेवा प्रवाहलाई चुस्त-दुरुस्त तुल्याउन प्रशासनिक व्यवस्थापन तथा पूर्वाधार संरचनाको विकास गर्नु ।
८) सडक, झोलुंगे पुल, मोटरेवल पुल, भवन तथा बस्ती विकास, सिंचाई, सञ्चार क्षेत्रको सुदृढिकरण र विकास गर्नु ।
९) पूर्वाधारको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवन यापनमा सहजता ल्याउनु ।
१०) स्वच्छ पिउने पानी तथा सरसफाईमा गाउँबासीको पहुँचमा वृद्धि गर्नु ।
११) उद्यम र उद्यमशीलताको विकास, कृषिको आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी उत्पादन र उत्पादकत्व बृद्धि गर्नु ।
१२) स्थानिय लोक, कलासंस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धन गर्नु ।
१३) शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरिय, व्यबसायिक र समाबेशि गराउन योजनाबद्ध विकासको शुरुवात गर्नु ।
१४) लैंगिक समानता तथा सामाजिक समावेशीकरण, लक्षित समूह विकास कार्यक्रम सञ्चालन गर्नु ।
१५) विपद जन्य जोखिम न्यूनिकरणका लागि योजना र कोष निर्माण गर्नु ।
१६) विद्युतिय सुशासनको क्रमशः विस्तार गर्दै लैजानु ।
१७) संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमसंग सहकार्य गरी विभिन्न योजना तथा कार्यक्रम सञ्चालन गर्नु ।
१८) विकास साझेदार निकाय तथा गैर सरकारी संस्थाहरुसँग समन्वय, सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गर्नु ।

**सभाध्यक्ष महोदय,**

**बजेटका उल्लेखित उद्देश्यहरु पुरा गर्न मैले योजना तथा कार्यक्रम छनौट गर्दा तपशिल बमोजिमका कुराहरुलाई ध्यानमा राख्ने प्रयास गरेको छु ।**

- आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योगदान,
- स्थानिय चेतना र स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागीताको अभिवृद्धि,

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि,
- वातावरण संरक्षण, विपद व्यवस्थापन र जलवायु अनुकुलन,
- संस्कृति र पहिचान प्रवर्द्धन,
- सेवा प्रवाह, संस्थागत विकास, सुशासन र सेवा प्रवाहमा सुधार,
- गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य तथा सरसफाई, रोजगारीका अवसरहरुमा बृद्धि, मानव संसाधन विकास ।

**सभाध्यक्ष महोदय,**

**अब म आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**स्वास्थ्य सेवा र पोषण तर्फः**

- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक जनशक्ति, स्वास्थ्य उपकरण, उपचारात्मक सेवा कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम, परिवार कल्याण कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण कार्यक्रम, राष्ट्रिय स्वास्थ्य सेवा तालिम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम सञ्चालनका साथै औषधी खरिद गर्न र समग्र स्वास्थ्य क्षेत्रको सुदृढिकरण गर्न **रु. २ करोड ६२ लाख** विनियोजन गरेको छु ।
- गाउँपालिकाको १० शैयाको आधारभूत अस्पतालको निर्माणाधीन भवनको कार्य सम्पन्न गर्नका लागि **रु. २ करोड १५ लाख** विनियोजन गरिएको छ ।
- आधारभुत स्वास्थ्य सेवाको गुणस्तर अभिबृद्धि, पोषण सुधार तथा गाउँपालिकाको १० शैयाको आधारभूत अस्पतालको गुणस्तर सुधार कार्यक्रमको लागि **रु. १ करोड ६० लाख** विनियोजन गरिएको छ ।
- सुत्केरी सेवाको लागि महिलाहरुलाई बर्थिङ सेन्टर तथा जिल्लाभित्रका स्वास्थ्य संस्थासम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्स सेवा दिने व्यवस्थालाई निरन्तरता दिएको छु । गर्भवती चेकजाँचको लागि प्रत्येक महिनामा एकपटक चिकित्सक सहित ग्रामीण भिडियो एक्सरे र प्रयोगशाला सेवा दिने व्यवस्था मिलाएको छु, सो का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- आयुर्वेद, प्राकृतिक तथा होमियोपेथी एवं अन्य अन्य वैकल्पिक चिकित्सा पद्दतिको विकास र विस्तार गर्न एवं संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा नागरिक

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

आरोग्य केन्द्र मार्फत प्रदान गरिने सेवालाई निरन्तरता दिइएको छ। जसका लागि **रु. ५ लाख** विनियोजन गरेको छु।

- पोषण सहजकर्ताको पारिश्रमिक लगायत पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम, सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आय आर्जन अनुदान कार्यक्रम संचालन गर्न बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम तर्फ **रु. ३६ लाख** विनियोजन गरिएको छ।

**कृषि तथा पशुसेवा तर्फः**

- कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रमका लागि **रु. ११ लाख** विनियोजन गरेको छु। राष्ट्रिय एकीकृत कृषि आधुनिकीकरण कार्यक्रम अन्तर्गत आ.ब. २०८२/०८३ मा संचालित पकेट विकास कार्यक्रमको निरन्तरताका लागि **रु. ८ लाख** विनियोजन गरेको छु।
- कृषि सामाग्री तथा कृषि यान्त्रिकरण, बीउविजन तथा विषादी वितरण गर्नुका साथै कृषकको क्षमता विकासका विभिन्न गतिविधिहरु संचालन गरिनेछ, जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।
- रैथाने बाली प्रवर्द्धन कार्यक्रमका लागि **रु. ६ लाख ७५ हजार** विनियोजन गरिएको छ।
- पशुसेवा शाखा मार्फत गाउँपालिकामा पशु रोग नियन्त्रण, कृत्रिम गर्भाधान मार्फत गाई तथा भैंसीमा उन्नत जातका पशुहरुको उत्पादन बृद्धि, र पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरुको नियन्त्रणका लागि निःशुल्क औषधीहरु वितरण, पशु उपचार शिविर सञ्चालन, डालेघाँस प्रवर्द्धन र घाँसखेती विस्तार लगायतका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**शिक्षा, युवा तथा खेलकूद तर्फः**

- सबैका लागि शिक्षा कार्यक्रम-आधारभूत तह (आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान) का लागि **रु. ९ करोड ४ लाख** विनियोजन गरिएको छ।
- माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान स्वरुप **रु. २ करोड ७ लाख** विनियोजन गरिएको छ।
- गाउँपालिका अनुदान शिक्षक, कर्मचारीहरुको तलब भत्ता स्वरुप **रु. ४ करोड ५० लाख** विनियोजन गरेको छु।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- विद्यालय शिक्षा क्षेत्र योजना सञ्चालनका लागि रु. ६ **करोड २१ लाख** विनियोजन गरिएको छ ।
- शैक्षिक क्षेत्रको समग्र विकासका लागि शिक्षा युवा तथा खेलकूद शाखामार्फत विभिन्न क्रियाकलाप सञ्चालन तथा व्यवस्थापनका लागि रु. **१५ लाख** विनियोजन गरेको छ । साथै स्थानीय पाठ्यपुस्तक छपाईका लागि रु. **१० लाख** विनियोजन गरेको छ ।
- विद्यार्थीहरुलाई खेलप्रति आकर्षण बढाउन विद्यालय स्तरीय तथा पालिका स्तरीय विभिन्न खेलकूद प्रतियोगिताहरु सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

**पूर्वाधार विकास तथा सडक निर्माण तर्फः**

- त्रिवेणी चक्रपथ सडक निर्माण तथा स्तरोन्नति क्रमागत योजनाका लागि रु. **१ करोड ५ लाख** विनियोजन गरेको छ ।
- सिम्रुतु-खुम्चेरी-डलसिंगे सडक स्तरोन्नति क्रमागत योजनाका लागि रु. **८० लाख** विनियोजन गरेको छ ।
- तल्लो इजरमोड-चाँवलेगैरा-मुलेमारे-कुल्सीवाङ-धैरेनी-लामाखेत सडक निर्माणका लागि रु **२ करोड** विनियोजन गरेको छ ।
- चाख्लेरुख-बिमैचा-तलिगाउँ खानेपानी योजना त्रिवेणी २ का लागि रु **५० लाख** विनियोजन गरेको छ ।
- जनस्थापना आधारभूत विद्यालय लाइत भवन निर्माण योजना त्रिवेणी ५ का लागि रु **५० लाख** विनियोजन गरेको छ ।
- वडा नं ८ को वडा कार्यालय भवन निर्माणका लागि रु. **२५ लाख** विनियोजन गरिएको छ ।
- दल्लेतरा थारेघर देखि भाल्दुला छोटेकाँडामोडसम्म सडक निर्माण योजना त्रिवेणी ४ का लागि रु. **२५ लाख** विनियोजन गरेको छ ।
- सिम्रुतु लामाखेत सडक स्तरोन्नतिका लागि रु. **२० लाख** विनियोजन गरिएकोछ ।
- डाँगीमोड मुरु मेलपोखरी सिम्रुतु सडक स्तरोन्नति योजनाका लागि रु. **१५ लाख** विनियोजन गरेको छ ।
- खारानेटा देखि गाउँपालिका भवनसम्मको सडक स्तरोन्नतिका लागि रु. **२० लाख** विनियोजन गरेको छ ।

- झुल्नेटादेखि स्यारुबास डम्पिङ साइट जाने सडक निर्माण तथा डम्पिङ साइट निर्माण योजना त्रिवेणी ६ का लागि रु. **१० लाख** विनियोजन गरेको छ।
- सिम्रुतु-घोरनेटी-जिवाङ सडक निर्माण योजना त्रिवेणी १, २ र ५ का लागि रु. २० **लाख** विनियोजन गरेको छ।
- ठूलामोड देखि रातापहरासम्म सडक निर्माण योजना त्रिवेणी ६ का लागि रु. ३ **लाख** विनियोजन गरेको छ।
- गाउँघर क्लिनिक भवन निर्माण योजना त्रिवेणी ३ का लागि रु. **५ लाख** विनियोजन गरेको छ।
- हर्लेटाकुरी सडक निर्माण तथा मर्मत योजना त्रिवेणी ४ का लागि रु. **२ लाख ५० हजार** विनियोजन गरेको छ।
- छलिगाडे मुसीपाखा जेबाले सडक निर्माण तथा मर्मत योजना त्रिवेणी ४ का लागि रु. २ **लाख ५० हजार** विनियोजन गरेको छ।
- आवि खोरबारे शौचालय निर्माण त्रिवेणी ६ का लागि रु. **५ लाख** विनियोजन गरेको छ।
- गोलखोला-काउलेचौर सडक निर्माण योजना त्रिवेणी ७ का लागि रु. २ **लाख** विनियोजन गरेको छ।
- झाक्रीपानी भक्किने मुहान ओराल गर्फुसम्म खानेपानी मर्मत योजना त्रिवेणी ७ को लागि रु. ३ **लाख** विनियोजन गरेको छ।
- ग्याङ्नाखोलादेखि तल्लो ग्याङना खानेपानी योजना निर्माण त्रिवेणी ८ का लागि रु. ५ **लाख** विनियोजन गरेको छ।
- हिमालय मावि नुवाकोट भवन मर्मत योजना त्रिवेणी ९ का लागि रु. **५ लाख** विनियोजन गरेको छ।
- गैरीखेत शहिद पार्कमा शहिदका शालिक निर्माण योजना त्रिवेणी १० का लागि रु. ३ **लाख** विनियोजन गरेको छ।
- गैरीखेत मसानघाट ट्रस पुल निर्माण योजना त्रिवेणी १० का लागि रु. २ **लाख** विनियोजन गरेको छ।
- बुद्धभूमि मानवसेवा आश्रम मुसिकोट साझेदारीको लागि रु. २ **लाख** विनियोजन गरेको छ।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- गाउँपालिकाभित्रका सबै वडाका सडकहरु मर्मत तथा अन्य पुँजीगत योजनाहरु संचालनका लागि १० वटै वडाहरुमा रु. **१० लाखका दरले कूल १ करोड रुपैयाँ** बजेट विनियोजन गरेको छु।
- त्रिवेणी गाउँपालिका भित्रका नागरिकका खरको छानो भएका घरहरुको खरको छानो विस्थापित गर्न सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत रु. **१५ लाख** विनियोजन गरेको छु।

**खानेपानी तथा सरसफाई तर्फः**

- दिगो सरसफाई आयोजना मार्फत गाउँपालिका भित्र तोकिएका वडाहरुमा स्वच्छ खानेपानी एवं सरसफाईका लागि विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ। दिगो सरसफाई आयोजना संचालनका लागि रु. ७४ **लाख** विनियोजन गरिएको छ।
- पालिका वास युनिटका कर्मचारीहरुको पारिश्रमिक, एन-वास(NWASH) अद्यावधिकका लागि सेवा प्रदायक परिचालन, सरसफाई स्वच्छता सम्बन्धी क्षमता विकास तालिम, गोष्ठी तथा स्थानीय स्रोत व्यक्ति परिचालन क्रियाकलापहरु, योजना सुचारुपना सम्बन्धी क्षमता विकास तालिम, वास युनिटको प्रशासनिक खर्च, संचार, अनुगमन, सार्वजनिक सुनुवाई तथा सिकाई आदान प्रदान लगायत का कार्यक्रमहरु संचालन गर्न रु. **१ करोड २० लाख** विनियोजन गरेको छु।
- खानेपानी सरसफाई तथा स्वच्छता आयोजना संचालनमा गाउँपालिकाको तर्फबाट लागत साझेदारीको लागि रु. **४४ लाख** विनियोजन गरेको छु।

**झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमतर्फः**

- रुँघाखोला ट्रस पुल र हाइवाङखोला ट्रस पुल निर्माण कार्य निरन्तरताका लागि रु. **२० लाख** विनियोजन गरिएको छ।

**वन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन तर्फः**

- वन वातावरण संरक्षणका लागि वृक्षारोपन कार्यक्रम संचालन गरिनेछ। जसका लागि रु. **१ लाख** विनियोजन गरेको छु।

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

- भूकम्पपछिको पुनर्निर्माण, विपद् जोखिम न्यूनिकरणका लागि संघीय सरकार र प्रदेश सरकार तथा विभिन्न विकास साझेदारहरुसँगको सहकार्यमा पुनर्निर्माण कार्य अगाडि बढाइनेछ ।
- मनसुनजन्य बाढीपहिरो, आगलागी जस्ता विपद् जोखिम न्यूनिकरण तथा राहत व्यवस्थापनका लागि रु. **११ लाख** विनियोजन गरेको छ ।

**रोजगार तथा उद्यम विकास तर्फः**

- त्रिवेणी गाउँपालिकामा रहेका बेरोजगार युवाहरुलाई राष्ट्रिय रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम तथा स्थानीय तह मार्फत हुने विकास निर्माणका योजनाहरु मार्फत बेरोजगार युवाहरुलाई रोजगारी उपलब्ध गराईने छ । राष्ट्रिय रोजगार कार्यक्रम तर्फ रु. **१८ लाख** विनियोजन गरिएको छ । राष्ट्रिय रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रम मार्फत सञ्चालन हुने आयोजनाहरुमा लगानी साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।
- मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १० वटै वडाहरुमा योजना सञ्चालनका लागि रु. **१ करोड ५० लाख** विनियोजन गरिएको छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तीमा ५ जनाको समूहमा प्रविधि हस्तान्तरण गर्ने, आवश्यकता पहिचानको आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम सञ्चालन गर्ने र लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने व्यवस्था मिलाइएको छ । जसका लागि रु. **११ लाख** विनियोजन गरिएको छ ।

**न्यायिक समिति तर्फः**

- संघीयता अनुकुलको गुणस्तरीय कानुन निर्माण गरी निःशुल्क कानुनी सहायता, स्थानीय न्यायिक समितिका पदाधिकारी, न्याय सेवाका कर्मचारी, वकिलको न्याय सम्पादन एवं मुद्दा सम्पादन, व्यवस्थापन क्षमता अभिबृद्धि, अपराध अनुसन्धान, वस्तुगत प्रमाणमा आधारित बनाउने, मुद्दाका साक्षी, प्रमाणको प्रस्तुति, कानुनी शिक्षा शिक्षण र जनचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने व्यवस्था मिलाइएको छ । जसका लागि रु. **१० लाख** विनियोजन गरेको छ ।

त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

**लक्षित वर्ग (महिला, बालबालिका, दलित, जनजाति तथा शहिद परिवार) तर्फः**

- महिला सशक्तिकरण, नेतृत्व विकास, महिला सहकारी सुदृढिकरण, बालअधिकारको प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरु सञ्चालन गर्नका महिला तथा बालबालिका शाखा, एकल महिला र महिला लक्षित सहित रु. **२५ लाख** विनियोजन गरेको छु ।
- शहिद परिवारको सम्मान कार्यक्रमका लागि रु. **३ लाख** विनियोजन गरेको छु ।
- दलित उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. **१० लाख** विनियोजन गरेको छु ।
- जनजाति उत्थान तथा आय आर्जनका लागि कार्यक्रम सञ्चालन गर्न रु. **५ लाख** विनियोजन गरेको छु ।
- युवा तथा खेलकूद कार्यक्रम सञ्चालनका लागि रु. **५ लाख** विनियोजन गरेकोछु ।

**पर्यटन, लोक कला, साहित्य तथा संस्कृति तर्फः**

- त्रिवेणी गाउँपालिका ६ मा निर्माणाधीन जनयुद्ध संग्रालय निर्माणको कामलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्र रहेका धार्मिक सम्पदा, मठ, मन्दिरको निर्माण तथा मर्मत कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- त्रिवेणी गाउँपालिकाको लोक साहित्य र संस्कृति संरक्षणका लागि क्रियाकलाप सञ्चालनका लागि रु. **३ लाख** र त्रिवेणी प्रज्ञा प्रतिष्ठानको कार्यक्रम संचालनको लागि रु. २ **लाख** व्यवस्था गरेको छु ।

**सूचना तथा सञ्चारः**

- त्रिवेणी गाउँपालिकालाई सूचना तथा सञ्चारमैत्री बनाईनेछ । नियमित पत्रकारहरुसँग भेटघाट र अन्तर्क्रिया गरी भएगरेका कामहरुको सार्वजनिक गर्ने र सल्लाह सुझाव लिइनेछ । पत्रकारहरुको समग्र क्षमता विकासका लागि गतिविधि सञ्चालन गरिनेछ । आम सञ्चार माध्यमलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईने छ । जसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सुशासन तथा संस्थागत विकासः**

- गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरीय बनाउन कर्मचारीहरु क्षमता विकास गरिनेछ । जसका लागि आवश्यक बजेट विनियोजन गरेको छु । LGPAS

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

लगायतका सूचकमा आधारित प्रणालीमा उत्कृष्ट नतिजा हासिल गर्नको लागि सम्बन्धित शाखा तथा कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

- गाउँपालिकाको समग्र सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र जनमुखी बनाउन महत्वपूर्ण योगदान पुर्‍याउँदै आउनुभएका करार कर्मचारी तथा करार शिक्षकहरूको मनोबल उच्च राख्न तथा बढ्दो महँगीलाई समेत मध्यनजर गर्दै आर्थिक वर्ष २०८३/८४ का लागि गाउँपालिकामा कार्यरत सम्पूर्ण करार कर्मचारी तथा करार शिक्षकहरूको मासिक तलब भत्तामा प्रतिव्यक्ति **रु. १ हजार ५ सय** वृद्धि गर्ने व्यवस्था गरिएको छ। यस व्यवस्थाबाट करार कर्मचारी तथा करार शिक्षकहरूको पेशागत उत्साह अभिवृद्धि भई सार्वजनिक सेवा प्रवाह तथा शैक्षिक गुणस्तर सुधारमा सकारात्मक योगदान पुग्ने विश्वास लिइएको छ। उक्त प्रयोजनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- साथै गाउँपालिकामा कार्यरत समान तहका करार कर्मचारीहरूको तलब भत्ता असमान भएको भन्ने गुनासो सम्बोधन गर्न समय सापेक्ष, न्यायोचित र व्यवस्थित बनाउन अध्ययन तथा सिफारिसका लागि एक समिति गठन गर्ने व्यवस्था गरेको छु। समितिको प्रतिवेदनका आधारमा आवश्यक तलब भत्ता समायोजन गरी गुनासो सम्बोधन गरिनेछ ।

**गैरसरकारी संघ संस्था तर्फः**

- त्रिवेणी गाउँपालिकाभित्र कार्य सञ्चालनका लागि विभिन्न समयमा अनुमति लिएका गैर सरकारी संस्थाहरुलाई एकद्वार प्रणालीमा आवद्ध गर्न देहायका संघ संस्थाहरुले आफ्नो तर्फबाट पेश गरेको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि समावेश गरेको छु।
    - मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल
        - *कर्णाली मानसिक स्वास्थ्य कार्यक्रम: रु. १४ लाख १२ हजार ८ सय ८७*
    - रुकुमेली समाज विकास केन्द्र
        - *नेपालमा यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सुधारका लागि उत्थानशील स्वास्थ्य प्रणाली परियोजना: रु. ७ लाख ११ हजार ३ सय १५*
    - नेपाल जनजागरण मञ्च (एन-प्याफ), रुकुम पश्चिम
        - *मानसिक स्वास्थ्य सेवा सुदृढिकरण तथा समुदाय स्तरमा मनोपरामर्श सेवा विस्तार कार्यक्रम: रु. ३ लाख*

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)

यी विषयगत क्षेत्रमा छुटेका अन्य थप क्रियाकलापहरु सञ्चालन तथा प्रशासनिक खर्च व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ । संघीय सरकार र प्रदेश सरकारबाट थप अनुदान प्राप्त भएमा सम्बन्धित कार्यविधि अनुसार क्रियाकलापहरु सञ्चालन गरिनेछ । बजेट सम्बन्धी विस्तृत विवरण विनियोजन विधेयकको अनुसूचिहरुमा उल्लेख गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

**बजेटको विनियोजन र स्रोतको व्यवस्था सम्बन्धी योजना देहाय बमोजिम रहेको छ ।**

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि **रु. ५४ करोड ९४ लाख ३९ हजार ९ सय ५६ रुपैँया** विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ रु. **३८ करोड ९६ लाख ३९ हजार ९ सय ५६** अर्थात ७०.९२ **प्रतिशत** र पुँजीगततर्फ रु. **१५ करोड ९८ लाख** अर्थात २९.०८ **प्रतिशत** रहेको छ ।

आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. २ **करोड**, संघीय सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **८ करोड ७१ लाख**, संघीय सरकार सशर्त अनुदानबाट रु. **२५ करोड ५३ लाख**, *संघीय समपूरक तर्फ रु. १ करोड २९ लाख, संघीय विशेषतर्फ रु. १ करोड ६० लाख,* संघीय सरकार राजश्व बाँडफाँडबाट रु. **८ करोड ६५ लाख ७० हजार**, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानबाट रु. **१ करोड १३ लाख ८३ हजार**, प्रदेश सरकार सशर्त अनुदानबाट रु. २ **करोड ८५ लाख** ७६ हजार, *प्रदेश सरकार समपूरकतर्फ रु. १ करोड, प्रदेश सरकार विशेष अनुदान तर्फ रु. १ करोड र* प्रदेश सरकार राजश्व बाँडफाँडबाट रु. **१६ लाख १० हजार ९ सय ५६** र आर्थिक वर्ष २०८२/०८३ मा खर्च नभई बचत हुने रकम रु. **१ करोड** प्रक्षेपण गरेको छु ।

**सभाध्यक्ष महोदय,**

**आर्थिक वर्ष २०८३/०८४ का लागि निम्नानुसार आन्तरिक राजश्व परिचालन नीति अवलम्बन गरिनेछ ।**

- आन्तरिक स्रोत परिचालन तर्फ एकदमै न्यून राजस्व संकलन हुने गरेको तथ्यलाई बोध गर्दै राजश्वका दररेट र दायराका सन्दर्भमा व्यापक छलफल तथा अध्ययन अनुसन्धान गरी निर्णय लिइनेछ ।



त्रिवेणी गाउँपालिका रुकुम (पश्चिम)

- वडा र गाउँपालिका बीचमा सहयोग, सहकार्य र समन्वयको वातावरण निर्माण गर्दै सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा समेटी अधिकतम् राजश्व परिचालनमा जोड दिने र राजश्व चुहावट नियन्त्रण गरिनेछ ।
- आन्तरिक राजश्वका थप स्रोतहरु पहिचान गरी मौजुदा आन्तरिक करका दरहरुलाई लागत प्रभावी बनाईनेछ ।
- कर तिर्ने प्रवृत्तिको विकास गर्ने गराईने छ ।

**अध्यक्ष महोदय,**

बजेट तयारीको क्रममा आ-आफ्नो तर्फबाट सुझाव दिनुहुने सम्पूर्ण पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, नागरिक समाज तथा सामुदायिक संघ संस्था सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा, गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुऱ्याउने आम नागरिक, करदाता, सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गर्दछु । समस्याहरु धेरै छन्, सबै एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थ धरातलमा उभिएर चुनौतिहरुको सामना गर्न हामी सबै कटिवद्ध, प्रतिवद्ध र एकतावद्ध बनौं । बजेट छलफलमा सबै सदस्यज्यूहरुले सक्रिय सहभागीता जनाई बजेट अनुमोदन गर्नु हुनेछ भन्ने अपेक्षा लिएको छु ।

**धन्यवाद ।**

........................

राजकुमारी रेउले

उपाध्यक्ष

मितिः २०८३/०३/१० गते

त्रिवेणी गाउँपालिका, रुकुम (पश्चिम)